नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०४/२२ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | निर्देशन / कारबाही |
|---|---|---|---|
| १. | खाडा देवी खाजा घर, कागेश्वोरी मनोहरा-०६ (कागेश्वोरी मनोहरा नगरपालिकाको नगर अस्पतालमा संचालित) | • अखाद्य वस्तु बिक्री वितरण गरिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा सरसफाइको अवस्था सामान्य रहेको<br>• मसिजन्य पत्रपत्रिकामा खाद्य पदार्थ (जस्तै निम्की) राखी बिक्री वितरण गरेको पाइएको<br>• लेबल विवरण पूर्ण नभएका खाद्य पदार्थहरु भण्डारण गरेर राखिएको<br>• फ्रिजमा खाद्य पदार्थहरु अव्यवस्थित तरिकाले भण्डारण गरेको<br>• कीट नियन्त्रणको अवस्था व्यवस्थित नरहेको<br>• भान्सामा भाँडा सफा गर्ने गरिएको तथा कच्चा पदार्थ भण्डारण गर्ने गरिएको। | • मसिजन्य पत्रपत्रिकामा राखिएको अन्दाजी दुई सय (२००) ग्राम निम्की अस्पतालको प्रशासनको रोहबरमा नष्ट गरिएको<br>• देखिएको कैफियत सुधार गरी प्रमाण सहित पन्ध्र (१५) दिन भित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको। |
| २. | ए वान गुदपाक एण्ड पुष्टकारी भण्डार, नागार्जुन-०४ | • गुँदपाकमा ढुसी, लेउ भेटिएको भन्ने गुनासोको बारे निरीक्षण गर्न जाँदा त्यस्तो कुनै कैफियत नभेटिएको<br>• प्याकिंग क्षेत्रमा ढोकाको जाली च्यात्तिएको र काठ भाँचिएको<br>• सरसफाइको अवस्था सन्तोषजनक नरहेको<br>• कच्चा पदार्थहरु अव्यवस्थित तरिकाले भण्डारण गरिएको<br>• कीट नियन्त्रण व्यवस्थित नरहेको<br>• व्यक्तिगत सरसफाइ सामान्य रहेको। | • खाद्य स्वच्छता कायम गर्न निर्देशन दिइएको<br>• विवरणमा उल्लेखित कैफियतहरु तत्काल सुधार गर्न निर्देशन दिइएको<br>• थप अनुसन्धानको लागि गुँदपाकको नमूना संकलन गरिएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०४/२५

# अनुगमनका केहि झलकहरु:








